नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०९।२९

# सवैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि सात दिवसीय तालिम पाठ्यक्रम

निर्देशिका कार्यान्वयन गर्ने निकाय

नलगाड नगरपालिका, जाजरकोट

२०८२

धडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

विषय सूची

क) आधारभुत जानकारी.................................१-१८

सत्र १ तालिमको परिचय.................................१-१४

सत्र २ स्ल्याब तथा ब्लक निर्माण.................................१५-१६

सत्र ३ भुकम्प सम्वन्धी आधारभुत जानकारी र पुर्वतयारी.................................... १७-१८

ख) भूकम्प प्रतिरोधी भवन निर्माण.......................१९-२६

सत्र १ भवन संरचना प्रणाली, उपयुक्त घडेरी...................१९

सत्र २ निर्माण सामग्रीको गुणस्तर...................................... २०

सत्र ३ निर्माण गुणस्तर............................................................ २१

सत्र ४ ढुंगाको गारोवाला भवन निर्माण प्रविधि ...........................२२

सत्र ५ ढुंगाको गारोवाला भवन निर्माण प्रविधि अभ्यास ................२३

सत्र ६ काठ र बाँसको घर निर्माण प्रविधि...................................२४

सत्र ७ काठ बाँसको निर्माण प्रविधि अभ्यास .............................२५

सत्र ८ पिलरवाला भवन निर्माण प्रविधि ...................................२६

ग) मर्मत तथा प्रवलीकरण..................................२७-२८

सत्र १ आवधिक मर्मत संभार .............................२७

सत्र २ भूकम्पीय प्रवलीकरण आधारभूत कार्य ..........................२८

घ) सुरक्षित निर्माण अवलम्बन र दीगोपन ................. २९-३१

सत्र १ वैकल्पिक निर्माण सामग्री तथा प्रविधि र दीगो विकास.............२९

सत्र २ वातावरण र निर्माण प्रविधि ......................३०

सत्र ३ भवन निर्माण संहिता र डकर्मीहरूको भूमिक..........................३१

स्ल्यावको भारवाहक क्षमता परीक्षण ..................................३२

अनुसूचीहरु..........................................................३३-५७

अनुसूची १ सहभागी दर्ता फाराम .....................................३३

अनुसूची २ पाठ्यक्रम तालिकाको नमुना .....................................३४-३५

अनुसूची ३ व्यवहारिक अभ्यास .......................................३६

धडक बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४ कक्षा कोठाको विभिन्न नाप र विन्यास ............ ४७

अनुसूची ५ अभ्यासको लागि आवश्यक सामग्री तथा औजारहरुको सूची ......४८

अनुसूची ६ प्रशिक्षक तथा श्रोत व्यक्तिहरुको दैनिक हाजिरी पुस्तिका.........४९

अनुसूची ७ सहभागीहरुको नामावली दर्ता...............................५०

अनुसूची ८ सहभागीहरुको दैनिक हाजिरी फाराम .....................५१

अनुसूची ९ अतिथिहरुको दैनिक हाजिरी फाराम .................५२

अनुसूची १० प्रमाणपत्रको नमुना ..............................५३

अनुसूची ११ तालिम सम्वन्धी क्रियाकलाप प्रतिवेदनको ढाँचा.........५४-५५

अनुसूची १२ तालिम पूर्व र समापन परीक्षा ..........................५६

अनुसूची १३ सन्दर्भ सामग्री...................................................५७


धडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

## सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

### क) आधारभूत जानकारी

**सत्र १ तालिम परिचय**

सात दिनको डकर्मी तालिम पाठ्यक्रम सम्बन्धित निर्माण पद्धतिमा काम गरिरहेका डकर्मीहरुको सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी घर निर्माण पद्धति बारेको ज्ञान बढाउन तथा सीप अभिवृद्धि गर्नको लागि तयार पारिएको हो। यस पाठ्यक्रमले व्यक्तिगत आवास निर्माणमा काम गरिरहेका डकर्मीहरुको सीप र क्षमता अझ सुदृढ बनाउन सहयोग गर्दछ ।

**उद्देश्यः**

क) डकर्मीहरुलाई नेपालको भूकम्पीय जोखिमको बारेमा बताउने। साथै यो क्षेत्रमा भूकम्प गइ नै रहन्छ त्यसैले नेपालमा भूकम्पको सम्भावना कम गर्न सकिदैन भन्ने बारे जानकारी गराउने ।

ख) सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी निर्माण पद्धतिको महत्व र सुरक्षित निर्माणमा भूकम्प प्रतिरोधी निर्माण तत्वहरुको भूमिका बारेमा प्रष्ट पार्ने ।

ग) गारोवाला घर निर्माण पद्दति, पिलरवाला घर निर्माण पद्धति र काठको घर निर्माण पद्दतिका बारेमा ज्ञान तथा सीप सिकाउने ।

घ) मर्मत सम्भार तथा प्रबलीकरण गर्न उपयुक्त तरिका बारे जानकारी गराउने ।

ङ) सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी निर्माणमा डकर्मीहरुको भूमिका, दीगो निर्माण तथा वैकल्पिक निर्माण सामग्रीबारे छलफल तथा जानकारी गराउने ।

च) भवन निर्माण संहिता बारेमा जानकारी गराउने ।

**लक्षित समूहः**

यो पाठ्यक्रम दक्ष डकर्मी, स्थानीय निर्माण व्यवसायी जसले घर निर्माण गर्ने काम गरिरहेको छ, त्यस्ता व्यक्तिहरुको ज्ञान तथा सीप विकासका लागि तयार गरिएको हो। नयाँ डकर्मी वा अदक्ष डकर्मीको लागि यो पाठ्यक्रम होइन। तसर्थ तपसिल बमोजिमका दक्ष तथा अनुभवी निर्माणकर्मी समूह यो पाठ्यक्रमको लक्षित समूह हो ।

क) काम गरिरहेका डकर्मीहरु

ख) काम गरिरहेका सिकर्मीहरु

ग) डण्डी बुन्ने काम गर्नेहरु

घ) लेबर कन्ट्रयाक्टमा घर बनाउने काम गरिरहेका स्थानीय निर्माण व्यवसायी

ङ) गारो वा जगको काम गरिरहेका निर्माण कार्यमा संलग्न अनुभवी मिस्त्री ।

पढ्न तथा लेख्न जान्नेहरुलाई प्राथमिकता क्रममा अगाडि राखुपर्छ जसले सिकेको सीप तथा ज्ञान चाँडो फैलाउन सक्दछ। धारा, बत्ती, पाइपलाइन, बाटो निर्माणमा काम गर्ने निर्माणकर्मीहरुको लागि यो तालिम उपयुक्त हुँदैन ।



बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

## सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

### पाठ्यक्रमको ढाँचा

डकर्मी तालिम पाठ्यक्रम ४ वटा खण्डमा आधारित छ । ती चार वटा खण्ड अन्तर्गत देहायअनुसारका विभिन्न सत्रहरु छन्।

क) आधारभूत जानकारी

सत्र १. परिचय,अपेक्षा संकलन तथा उद्देश्य

सत्र २. समूह निर्माण र तालिम पुर्व परीक्षा

सत्र ३. अपाङ्गता परिचय अवधारणा वर्गीकरण

सत्र ४. पहुँचयुक्तता र सर्वमान्य सिद्धान्त

सत्र ५. स्ल्याव, ढुंगे ब्लक र ढलाने ईँटा बनाउने सैद्धान्तिक ज्ञान तथा अभ्यास

सत्र ६. भूकम्प सम्बन्धी आधारभूत जानकारी र पूर्व तयारी

ख) भूकम्प प्रतिरोधी निर्माण

सत्र १. उपयुक्त घडेरीको छनौट तथा भवनको संरचनाको सैद्धान्तिक ज्ञान

सत्र २. अभिन्यास अभ्यास (लेआउट)

सत्र ३. निर्माण सामग्री र गुणस्तर

सत्र ४. निर्माण कार्यको गुणस्तर

सत्र ५. ढुंगाको गारोवाला भवन निर्माण प्रविधिको सैद्धान्तिक ज्ञान

सत्र ६. ढुंगाको गारोवाला भवन निर्माण प्रविधि अभ्यास

सत्र ७. ढुंगाको गारोवाला भवन निर्माण प्रविधि अभ्यास

सत्र ८. ढुंगाको गारोवाला भवन निर्माण प्रविधि अभ्यास

सत्र ९. ढुंगाको गारोवाला भवन निर्माण प्रविधि अभ्यास

सत्र १०. ढुंगाको गारोवाला भवन निर्माण प्रविधि अभ्यास

सत्र११. ढुंगाको गारोवाला भवन निर्माण प्रविधि अभ्यास

सत्र १२. ढुंगाको गारोवाला भवन निर्माण प्रविधि अभ्यास

सत्र १३. ढुंगाको गारोवाला भवन निर्माण प्रविधि अभ्यास

सत्र १४. काठ र बाँसको घर निर्माण प्रविधिको सैद्धान्तिक ज्ञान

सत्र १५. काठ र बाँसको बन्धन निर्माण अभ्यास

सत्र १६. काठ र बाँसको बन्धन निर्माण अभ्यास

सत्र १७. काठ र बाँसको बन्धन निर्माण अभ्यास

पदक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

सत्र १८. गारोसँग चोटा र छत जोड्ने विधिको अभ्यास

सत्र १९. गारोसँग चोटा र छत जोड्ने विधिको अभ्यास

सत्र २०. गारोसँग चोटा र छत जोड्ने विधिको अभ्यास

सत्र २१. पिलरवाला भवन निर्माण प्रविधि

**ग) मर्मत तथा प्रवलीकरण**

सत्र १. अवधिक मर्मत सम्भार

सत्र २. कमजोर भवनको भूकम्पीय प्रवलीकरण

**घ) सुरक्षित निर्माण अवलम्बन र दीगोपन**

सत्र १. वैकल्पिक निर्माण सामग्री तथा प्रविधि र दीगो विकास सत्र २. वातावरण र भवन निर्माण

सत्र ३. राष्ट्रिय भवन संहिता र डकर्मीको भूमिका

सत्र ४. गुणस्तर र भार बहन क्षमता परीक्षण

सत्र ५. तालिम समापन परीक्षा

प्रयोगात्मक र सैद्धान्तिक तवरमा सम्पूर्ण पाठ्यक्रमलाई सन्तुलन गरिएको छ । सीप अभिवृद्धिमा अलि वढी जोड दिन प्रयोगात्मक अभ्यासका सत्रहरु आवश्यकता अनुसार विनियोजन गरिएको छ ।

**वितरण सामग्रीः**

प्रत्येक सत्रको अन्त्यमा प्रस्तुतीकरण उपलब्ध गराइने छ । तालिम अभ्यास पुस्तिका सबैलाई उपलब्ध गराइने छ ।

**तालिम कार्यसूचीः**

सानीभेरी गाँउपालिका रुकुम पश्चिम र नलगाड नगरपालिका जाजरकोटमा सीविएम ग्लोवल र पाचतारा युवा संरक्षक मंच द्वारा संचालित कर्णाली आपतकालिन प्रतिकार्य परियोजना द्वारा संयुक्त रुपमा तयार पारिएको तालिम पाठ्यक्रम हो ।

**तालिम पश्चात अनुगमनः**

पुनर्निर्माणका क्रममा निर्माण गर्नुपर्ने व्यक्तिगत आवासको संख्यालाई हेर्दा कम्तिमा पनि पुनर्निर्माणको सुरुको बर्षमा हुने निर्माणमा तालिम प्राप्त निर्माणकर्मीहरुलाई कम्तिमा पनि एक पटक भेला गराई वा निर्माणाधीन स्थलमा पुगेर प्राविधिक सर-सल्लाह दिनुपर्ने हुन्छ। सुरक्षित पुनर्निर्माणको लागि स्थलगत निरीक्षण थप जानकारी प्राप्त गर्न तथा विषयमा प्रष्ट हुनका लागि अपरिहार्य छ ।प्रभावकारी कार्यान्वयनका लागि स्थलगत सुपरिवेक्षण र सर-सल्लाह निरन्तर आवश्यक रहन्छ। तसर्थ तालिम सञ्चालकले यी कुराहरुमा विचार पुर्याउनु आवश्यक छ ।

...क बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**तालिमको तयारीः**

तालिमको गुणस्तर कायम गर्न तालिमको विभिन्न चरणमा गरिने तयारी महत्वपूर्ण हुन्छ । तालिम संचालनपूर्व, संचालनका बखत तथा तालिम समापन पश्चातको प्रकृयामा गरिने कामले तालिमको गुणस्तर बढाउने या घटाउने गर्दछ। त्यसैले यो खण्डमा तालिमका विभिन्न चरणमा गर्नुपर्ने तयारीबारे प्रष्ट पारिन्छ । प्रत्येक तालिममा एक जना संयोजक तोकिनुपर्दछ र संयोजकले तयारी लगायत सम्पूर्ण रिपोर्टिङको कार्य गर्दछ ।

क) तालिमपूर्वको तयारी

अ) सहभागी छनोट

आ) प्रशिक्षकको व्यवस्था

इ) तालिमको सूचीपत्र

ई) तालिमको स्थान छनोट

उ) तालिम कक्षको व्यवस्थापन

ऊ) मसलन्द सामग्री (अनुसूची)

ए) प्रयोगात्मक अभ्यासको लागि औजार उपकरण (अनुसूची)

ऐ) तालिम उद्घाटन तथा समापनको तयारी

ओ) तालिमपूर्व तथा सत्रान्त परीक्षा (अनुसूची)

ख) तालिम सञ्चालनको क्रमको तयारी

अ) नाम दर्ता र हाजिरी

आ) अपेक्षा संकलन

इ) समूह विभाजन

ई) मूल्यांकन तथा परीक्षा

उ) खानपान

ग) तालिम पश्चात

अ) हिसाब चुक्ता

आ) प्रतिवेदन

इ) ताकेता र पुनरावलोकन

तालिम पूर्व, तालिमको दौरानमा हरेक दिन र तालिम पश्चात प्रशिक्षकहरुको बैठक मार्फत तालिमको मुल्याङ्कन गर्नु पर्दछ ।

[illegible] बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

## क) आधारभूत जानकारी

**सत्र १:** अपाङ्गताको परिभाषा अवस्था वर्गीकरण

**समयः** २ घण्टा

**सामग्री :** मल्टिमिडिया, पावर प्वाइन्ट, फ्लिप चार्ट स्टयाण्डर पेपर, मास्किङ टेप, मार्कर (कालो, नीलो, रातो) तथा पाठ योजना ।

**सत्रको उद्देश्यः**

यो सत्रको अन्त्यमा सहभागीहरू

- अपाङ्गताको वारेमा वताउन सक्नेछन

**सत्र परिचय :**

**अपाङ्गताको प्रकार र बर्गिकरण**

अपाङ्गताको परिभाषा जान्नु अघि अपाङ्गता के हो भन्ने कुरा जान्न जरुरी छ। मानिसमा कार्यगत सिमितता हुन्छ अर्थात शारीरिक मानसिक वा बौद्धिक रुपमा कुनै सिमितता हुन्छ। जव मानिसले कुनै काम गर्न चाहन्छ त्यति वेला काम गर्ने ठाउको वातावरणसँग र व्यक्तिसँग भएको कार्यगत सिमितताका कारण उसलाई अवरोध श्रृजना गर्दछ भने त्यो अपाङ्गता हो ।

अर्थातः कार्यगत सिमितता(+) वातावरणीय अवरोध(-) = अपाङ्गता

१. **अपाङ्गताको परिभाषा**

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ का अनुसार "अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दिर्घकालिन अशक्तता, कार्यगत सीमितता (functional impairment) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पुर्ण र प्रभावकारी ढङ्गले समाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ" भनिएको छ । यस परिभाषाले अपाङ्गता भनेको निम्न कुरा बझाउँछः

- अपाङ्गता रोग होइन । यो त्यस्तो अवस्था हो जसमा शारीरिक वा मानसिक वा बौद्धिक वा इन्द्रीयसम्बन्धी दिर्घकालिन अशक्तता वा सीमितता हुन्छ । अपाङ्गता निको हुदैन र यसको असर जीवन पर्यन्त रहन्छ ।
- अपाङ्गता भएका व्यक्तिमा कार्यगत सिमितता हुन्छन् । यसको कारण उनीहरूले दैनिक कार्य केही फरक तरिकाले गर्नुपर्ने हुन्छ ।
- प्रतिकुल सामाजिक तथा भौतिक वातावरणका कारण अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह सामाजिक जीवनमा सहभागी हुन र अवसरको उपभोग गर्न बाधा हुन्छ । यस्तो वाधा हुनु नै वास्तविक अपाङ्गता हो ।



CamScanner

२. अपाङ्गताको वर्गिकरणः

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ अनुसार अपाङ्गता निम्न अनुसार दश प्रकारका छन् ।

२.१ शारीरिक अपाङ्गताः

अपाङ्गता अधिकार ऐनअनुसार शारीरिक अपाङ्गतालाई "स्नायु, नशा, मांशपेशी, हड्डी, जोर्नीको बनावट तथा सञ्चालनमा भएको समस्याका कारणले कुनै व्यक्तिको अङ्गको प्रयोग, सञ्चालन र हिडडुलमा समस्या (जस्तैः बालपक्षघात -पोलियो), शारीरिक अङ्ग विहीन, कुष्ठ प्रभाव, मांसपेसी विचलन (मस्कुलर ठिस्टर्फी) भएको व्यक्तिलाई पर्ने अप्ठ्यारो वा सिमितता, जोर्नी र मेरुदण्डसम्वन्धी स्थायी समस्या, ल्कव फिट पैताला फर्केको, रिकेटस हड्डीसम्वन्धी समस्याका कारण उत्पन्न समस्या) तथा १६ बवर्षउमेर पुगेको व्यक्तिमा उमेर अनुसारको उचाइ औसत उचाइभन्दा ज्यादै कम उचाइ भएको व्यक्ति" भनिएको छ ।

२.२ दृष्टि सम्बन्धी अपाङ्गताः

अपाङ्गता अधिकार ऐनअनुसार दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने,

(क) दृष्टि विहनिताः औषधि, सल्य चिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुवै आँखाले १० फिटको दुरीबाट हातका औंला छुटयाउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाईनको अक्षर -३/६०) पढ्न नसक्ने व्यक्ति ।

(ख) पुर्ण दृष्टि विहीनताः पुर्ण रूपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति ।

(ग) न्यून दृष्टिः औषधि, सल्य चिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि २० फिटको दुरीबाट हातका औंला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाईनको अक्षर (६/१८) पढ्न नसक्ने व्यक्ति ।

२.३ सुनाइ सम्बन्धी अपाङ्गताः

अपाङ्गता अधिकार ऐनअनुसार सुनाइ अङ्गको बनावट एवम्, स्वरको पहिचान, स्थान, उतरचढाव तथा स्वरको मात्रा र गुँण छुट्याउन नसक्ने,

(क) बहिराः असी डेसिबलभन्दा माथिको ध्वनी पनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषाको प्रयोग गर्नुपर्ने व्यक्ति ।

(ख) सुस्त श्रवणः सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा ६५ डेसिबल देखि ८० डेसिबलसम्मको ध्वनी सुन्नसक्ने व्यक्ति ।

२.४ श्रवणदृष्टिविहनः

सुनाइ सम्बन्धी र दृष्टि सम्बन्धी दुवै अपाङ्गता भएको वा दुई ओटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।



छक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२.५ स्वर तथा बोलाई सम्बन्धी अपाङ्गताः

स्वर र बोलाई सम्बन्धी अङगमा उत्पन्न कार्यगत सिमितता कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली प्रस्ठ नहुने, बोल्दा शव्द वा अक्षर दोहोर्‍याउने व्यक्ति ।

२.६ मानसिक वा मनोसामाजिक अपाङ्गताः

मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखिकरण, स्फुर्ति, स्मरण, भाषा, गणना जस्ता बैद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याका कारणले उमेर र परिस्थितिअनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

२.७ बौद्धिक अपाङ्गताः

उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर र वातावरण सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तो डाउन सिन्ड्रोमसमेत)

२.८ हेमोफेलियाका विशेषताः

अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

२.९ अटिजम सम्बन्धी अपाङ्गताः

जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तो सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझन र प्रयोग गर्न कठिनाइ हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, एउटै क्रिया लगातार दोहोर्‍याइरहनु, अरूसँग घुलमिल नहुनु वा तिव्र प्रतिक्रिया गर्ने व्यक्ति)

२.१० बहु अपाङ्गताः

एउटै व्यक्तिमा माथि उलिलखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तै मस्तिष्क पक्षघात भएको व्यक्ति)

२. अपाङ्गताको गाम्भिर्यताको आधारमा बर्गिकरणः

- अपाङ्गताबाट भएको असर वा प्रभावका आधारमा अपाङ्गताको वर्गीकरण चार तहमा गरिएको छ ।

२.१ क. पुर्ण अशक्त अपाङ्गता (**Profound disability**) : दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर अरूको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थालाई पुर्ण अशक्त अपाङ्गता मानिएको छ । यस्तो अपाङ्गता प्रमाणित भएका नेपाल सरकारले स्थानीय पालिका मार्फत क वर्गको अपाङ्गता परिचय पत्र प्रदान गर्दछ ।

२.२ ख. अति अशक्त अपाङ्गता (Severe disability) : वैयक्तिक क्रियाकलापहरू सम्पादन तथा सामाजिक क्रियाकलापमा सलग्न हुन निरन्तर अरूको सहयोग लिनुपर्ने स्थितिलाई अति अशक्त अपाङ्गता मानिएको छ । यस्तो अपाङ्गता प्रमाणित भएका नेपाल सरकारले स्थानीय पालिका मार्फत ख वर्गको अपाङ्गता परिचय पत्र प्रदान गर्दछ ।

२.३ ग. मध्यम अपाङ्गता (Moderate disability) : भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा र तालिम भएमा अरूको सहयोग लिएर वा नलिइकन निरन्तर दिनचर्या र सामाजिक क्रियाकलापहरूमा सहभागी हुन सक्ने अवस्थालाई मध्यम अपाङ्गता भनिन्छ । यस्तो अपाङ्गता प्रमाणित भएका नेपाल सरकारले स्थानीय पालिका मार्फत ग वर्गको अपाङ्गता परिचय पत्र प्रदान गर्दछ ।

२.४ घ. सामान्य अपाङ्गता (Mild disability) : सामाजिक तथा वातावरणीय अवरोध नभएमा आफै नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थालाई सामान्य अपाङ्गता मानिने छ । यस्तो अपाङ्गता प्रमाणित भएका नेपाल सरकारले स्थानीय पालिका मार्फत घ वर्गको अपाङ्गता परिचय पत्र प्रदान गर्दछ ।

**मार्गदर्शन** :

- आफ्नो सामानको ख्याल गर्न लगाउने ।
- सहभागीहरुको सक्रिय सहभागिता गराउने ।
- आफूले तयार पारेको श्रव्य दृश्य सामग्रीमा कुनै त्रुटि नगर्ने ।
- सत्रमा सकेसम्म कम श्रव्यदृश्य राख्ने र बढी समय सहभागीहरुसँग छलफल गर्ने ।

**विशेष सावधानी** :

- सत्र समयको ख्याल गर्ने ।
- सहभागीहरुलाई विनम्रताका साथ नियन्त्रणमा राख्ने ।
- आफ्नो सत्रलाई सहभागी समूहको विशेष पहिचान गरी त्यही स्वरुपमा सत्रको उद्देश्य पुरा हुने तरिकाले प्रस्तुति दिने।
- अपाङ्गता भएका व्यक्तिहरु तथा सिकाईमा कठिनाई भएका व्यक्तिहरुले वुझे वा वुझेनन् एकिन गर्ने ।

उद्धक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी प्रशिक्षकका लागि तालिम निर्देशिका

## ख) आधारभूत जानकारी

**सत्र २: पहुँचयुक्त घर निर्माण वारे जानकारी**

**समयः १ घण्टा**

**सामग्री** मल्टिमिडिया, पावर प्वाइन्ट, फ्लिप चार्ट स्टयाण्डर पेपर, मास्किङ टेप, मार्कर (कालो, नीलो, रातो) तथा पाठ योजना ।

**सत्रको उद्देश्यः**

यो सत्रको अन्त्यमा सहभागीहरू

- पहुँचयुक्त घर कसरी तयार गर्ने वारेमा जान्ने हुनेछन।

**सत्र परिचयः**

### ४. पहुँचयुक्त घर निर्माण

कुनै पनि घरको प्रवेश मार्ग, लबी, ढोका, भयङ, स्नानकक्ष, शौचालय, भान्सा, सुत्नेकोठादेखि लिएर यस भित्र उपलब्ध हुने अन्य सुविधाहरुलाई समेत अपाङ्गता भएका व्यक्तिहरु, बृद्धहरु र अन्य समस्या भएकाहरुको लागि पहुँचयुक्त बनाउनु पर्नेछ । घरलाई पहुँचयुक्त बनाउन विभिन्न पद्धतिहरु अपनाउनु पर्ने हुन्छ ।

घरलाई सबैका लागि पहुँचयुक्त बनाउन पालना गर्नुपर्ने न्यूनतम उपायहरु यस प्रकार छन् :

१) जग्गाको चयन :

घरको निमीत्त जग्गा चयन गर्दा सकेसम्म समतल र सजिलै पुग्न सकिने अवरोध नभएको जग्गा चयन गर्नुपर्छ ।

२) घरको प्रवेशद्वारमा पहुँच :

• आँगनबाट पिंढी वा दैलो सम्म पुग्नका लागि खुट्किलाको अतिरिक्त एउटा भिरालो सतह (र्‍याम्प) राखिदिंदा असहाय, ह्विलचियर प्रयोगकर्ता, शारीरिक दुर्बलता भएका व्यक्ति तथा अन्य लाई समेत सहज हुन्छ । आफ्नो जग्गाको उपलब्धता हेरी तलको चित्रमा (१-३) देखाए झैं भिरालो सतह (र्‍याम्प) राख्न सकिन्छ ।

यम्पको सतह निर्माण गर्दा स्थानिय श्रोत सामाग्री (ढलान, ईटा वा ढुंगा, फलाम, स्टिल वा कांठ ) प्रयोग गरि नचिप्लिने, समतल, मजबूत तथा स्थिर र चाँडै नबिग्रिने गरेर बनाउनु पर्दछ ।र्‍याम्पको चौडाई



बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

कम्तिमा १३०० मि. मि. (४ फिट ४ इन्च) हुनुपर्दछ । यम्प प्रयोगकर्ताको सुरक्षा र समाउने ठाउँका लागि न्याम्पको दुवैतिर ह्यान्डरेलको सभ्रत व्यवस्था हुनुपर्दछ ।

न्याम्पको अधिकतम लम्बाई ९००० मि. मि. (३० फिट) राख्न सकिन्छ तर हरेक ४५० मि.मि.(१ फिट ६ इन्च) को चढाइमा एउटा मैदान अनिवार्य हुनुपर्दछ । मैदानको लम्बाई कम्तिमा २४०० मि. मि. (= फिट ) हुनुपर्दछ । यम्पको भिरालोपन राख्दा १:१२ देखि १:२० सम्म राख्न सकिन्छ । १:१२ भन्नाले १२ इकाइ सम्म गएपछि १ इकाइ उक्लने भन्ने बुझ्नुपर्दछ ।

न्याम्पको दुवैतिर राख्नुपर्ने ह्यान्डरेल (न्याम्पको दुवैतिर समाउने बार) चित्र-५ मा देखाए झैं दुई भिन्न उचाईमा राख्नुपर्दछ । पहिलो ह्यान्डरेल मैदान वा न्याम्पको सतहबाट करिव ७०० मि. मि. - ७५० मि. मि (२ फिट २ फिट ६ इन्च ) सम्म राख्न सकिन्छ भनें अर्को ह्यान्डरेल न्याम्पको सतहबाट करिव ९०० मि. मि.- १००० मि. मि (३ फिट-३ फिट ४ इन्च ) उचाईमा राख्नुपर्दछ । भित्ता र ह्यान्डरेलको बीचमा हात नअड्किने सुनिश्चित गर्न भित्ता र रेलिङको दूरी ५० मी.मी. ( २ इन्च ) देखि ७५ मी.मी.(३ इन्च) सम्म हुनुपर्दछ । समाउन सजिलो होस् भन्नका लागि ४० मी.मी..(२१/२ इन्च ) देखि ५० मी.मी. (२ इन्च) सम्म व्यास भएको गोलाकार ह्यान्डरेल हुनुपर्दछ र सजिलै देख्न र थाहा पाउन सक्ने गरी छुट्टै रंग लगाउनु पर्दछ । न्याम्पको सुरु वा अन्त्य स्पष्ट देखिने र थाहा पाउनका लागि ह्यान्डरेललाई कम्तीमा १५० मी.मी..(६ इन्च) ले तल झार्दै लैजान सकिन्छ ।

३) घरको मुख्य प्रवेशद्वार :

घरको मुख्य प्रवेशद्वार चौडा, ह्विलचियर पनि सजिलै भित्र बाहिर गर्न सक्ने हुनुपर्छ । यो सामान्यता बाहिरपट्टि खुल्ने खालको हुनुपर्दछ । ढोकाको न्यूनतम चौडाई ९०० मि. मि. (३ फिट) को हुनुपर्छ । ढोकामा राखिने चुकुल, छेस्कनि वा गजवार सबैले भेट्ने ठाउँमा हुनुपर्छ । ढोका खोल्दा वा बन्द गर्दा न्यूनतम बल लगाउँदा पनि पुग्ने हुनुपर्छ ।

४) घर भित्रको लबीको चौडाई :

लबीको स्पष्ट चौडाई ह्यान्डरेल बाहेकको साधारणतया: कम्तीमा १५०० मी.मी.(५ फिट) हुनुपर्दछ र कुनै पनि अवस्थामा लबीको स्पष्ट चौडाई १२०० मी.मी. (४ फिट) भन्दा कम हुनु हुँदैन ।

बाटोमा अरुलाई अवरोध नहोस भन्नका लागि ढोका यसको चौडाई जत्तिकै खोलिने हुनु पर्दछ र यसले लबीमा आवतजावतमा बाँधा पार्नु हुँदैन ।

५) घरको भूईँको सतहको बनावट :

घर भित्रको भूईँको सतह नचिप्लिने, टम्म मिलेको, यताउती नहल्लिने, सन्तुलित, समतल, मजबुत, नसर्ने वा नहल्लिने र प्रकाशको छायाँ नपर्ने हुनुपर्दछ । भूईँमा खुकुलो गुन्द्री वा कार्पेट विच्छ्याउनु हुँदैन ।

६) घरको भूईं, भित्ता र ढोकामा रंगको प्रयोग:



ढडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

दृष्टि क्षमता कमजोर भएका व्यक्तिहरुले सुरक्षित रुपमा घरभित्र यताउती गर्न र घरका विभिन्न विशेषता तथा सम्भावित अवरोधहरुको पहिचान गर्न सक्ने गरी भूईं, भित्ता र ढोकाको सतह फरक- फरक रंगको प्रयोग हुनु पर्दछ ।

**७) ढोकाको बनावट :**

ढोकाको चौडाइ ९०० मी.मी. (३ फिट) भन्दा कम हुनु हुँदैन । ढोकामा अंग्रेजी अक्षर "D" आकारको लिभर (डण्डी) जस्तो ह्यान्डल प्रयोग गर्नु सबैभन्दा उत्तम मानिन्छ । उक्त ह्यान्डलको न्यूनतम लम्बाई ८० मी.मी. (३२ इन्च ) र व्यास १९ मी.मी (१४ इन्च ) देखि २५ मी.मी.(१ इन्च ) सम्मको हुनुपर्दछ । ह्यान्डल भूईंको सतहदेखि ९०० मी.मी.(३ फिट) को उचाईमा राख्नुपर्दछ । माथि उठेको कुनै पनि चौखट २० मी.मी. (२/४ इन्च) भन्दा बढी अग्लो हुनु हुँदैन ।

**८) झ्यालको बनावट :**

झ्याल सबै खालका व्याक्तिले सजिलै ( एउटै हातले ) खोल्न र बन्द गर्न सक्ने खालको हुनु आवश्यक छ । झ्यालका कब्जा तथा चुकुल भूइको सतहदेखि ९०० मि.मि. (३ फित) र १२०० मिमि (४ फिट) को विचमा राखिनुपर्दछ ।

ह्विलचियरमा बसेरै पनि कुनै अवरोधबिना वाहिरको दृश्यावलोकन गर्न सकिने गरी झ्याल बनाउनुपर्दछ ।

**९) भर्याङ/सिंढीको बनावट :**

भऱ्याङका प्रत्येक खुट्किलाको मापन एकअर्काबीच समान हुनुपर्दछ । खुट्किलाको भित्री भागको उचाई १५० मी.मी.(६ इन्च) र १८० मी.मी. (७१ ४ इन्च)को बीचमा हुनुपर्दछ । खुट्किलाको समतल भाग ( अगाडि हिंड्ने सतह वा पाइला) ३०० मी.मी. (१ फिट) देखि ४५० मी.मी..(१ फिट ६ इन्च) सम्मको बनाउनु पर्दछ । एउटा भयङमा १२ वटा भन्दा बढी खुट्किला वनाउनु हुँदैन ।

भऱ्याङ/सिंढीको दुवैतिर ह्यान्डरेल बनाउनुपर्दछ । दायाँ बायाँ बनाइएका ह्यान्डरेल बीचको दुरी १२०० मी.मी. (४ फिट) भन्दा कम हुनु हुदैन । भयङको एक छेउ वा दुवै छैउमा पर्खाल भएमा पर्खाल र हाते रेलिङ्गको बीचमा १ देखि १.५ इन्च सम्मको खाली भाग राखेर हाते रेलिङ निर्माण गर्नु पर्नेछ । भऱ्याङको खुट्किला खुला (हिंड्दा तल देखिने) हुनुहुँदैन ।

**१०) विद्युतीय स्विच र सकेटहरुः**

ठूलो आकारका दबाउने स्विचहरु चित्र १० मा देखाए झैं उपयुक्त मानिन्छ । विद्युतीय स्विच भूइँको सतहदेखि कम्तीमा ८०० मी.मी (२ फिट १० इन्च) र ११७० मी.मी.(३ फिट १०- २/४ इन्च) वीचको उचाईमा राख्नुपर्दछ । त्यसको दूरी भित्ताको कुनादेखि कम्तीमा ६०० मी.मी.(२ फिट) देखि ७०० मी.मी.(२ फिट ४ इन्च) सम्म हुनुपर्दछ। सकेटलाई भूइँको सतहबाट ३८० मी.मी.(१ फिट ३१ ४ इन्च) देखि ४०० मी.मी.(१ फिट ४ इन्च) को उचाईमा राख्नुपर्दछ ।



ढक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

११) खाना बनाउने ठाउँ :

भूईंको सतहबाट ७५० मी.मी..(२ फिट ६ इन्च) र ८०० मी.मी..(२ फिट ८ इन्च) को बीचमा हुनुपर्दछ । भित्तादेखि वर्कटप्सको अघिल्लो मोहडासम्मको लम्बाई अधिकतम ५०० मी.मी. (१ फिट ८ इन्च) हुनुपर्दछ । ह्विलचियर प्रयोगकर्ताले घुँडा छिराउन सक्ने गरी वर्कटप्सको मुनिको खाली भागको स्पष्ट उचाई ७०० मी.मी.(२ फिट ४ इन्च) हुनु जरुरी छ । वर्कटप्स माथिको तख्ताको अधिकत उचाई ११५० मी.मी. (३ फिट १० इन्च) हुनुपर्दछ । भान्छाको वरपर घुम्न कुनै खाले अवरोध हुनुहुदैन ।

१२) पहुँचयुक्त शौचालय :

अपाङ्गता भएका व्यक्तिहरुका लागि समाउने बार र फराकिलो भित्री भागसहितको थचक्क बसेर शौच गर्ने पश्चिमा शैलीको कम्मोड सबैभन्दा राम्रो हुन्छ । प्रयोगकर्ताहरुको सुरक्षाका लागि शौचालयका कुनाहरु वा किनाराहरु धारिलो हुनु हुँदैन। यदि शौचालय घरबाहिर छ भने त्यसमा ह्यान्डरेल सहितका सबै सुविधा भएको ऱ्याम्प बनाउनुपर्दछ । उक्त यम्प घरको प्रवेशद्वारमा भएको ऱ्याम्प जस्तै हुनु जरुरी छ ।

विभिन्न किसिमका शौचालयमा अपनाउनु पर्ने विधिहरु यस प्रकार छन् :

क) थचक्क वसेर शौच गर्ने पश्चिमा शैलीको कम्मोडयुक्त शौचालय .

थचक्क वसेर शौच गर्ने पश्चिमा शैलीको कम्मोडयुक्त शौचालयको भित्री भागको न्यूनतम मापन १७५० x २००० मिमि (३ फिट १० इन्च x ६ फिट ८ इन्च ) हुनुपर्दछ ।

ह्विलचियरको आवागमनमा अवरोध नहोस् भन्नका लागि भित्र/बाहिर दुवैपट्टि खुल्ने ढोका कम्तिमा ९०० मी.मी. (३ फिट) को हुनुपर्दछ । प्रयोगकर्ताले अरुको सहाराविना ह्विलचियरबाट कम्मोडमा जान सक्ने सुनिश्चित गर्न अंग्रेजी अक्षर "L" र समायोजन गर्न सकिने "U" आकारको बार चित्र-१७ मा देखाए झैं राख्नुपर्दछ ।

ख) नेपाली शैलीको शौचालय:

यस प्रकारको पहुँचयुक्त शौचालयको न्यूनतम आकार वा बनावट १२०० मी.मी. x १२०० मी.मी. (४ फिट × ४ फिट) हुनुपर्दछ । ढोका अवरोधरहित हुने गरी कम्तीमा ९०० मी.मी. ( ३ फिट) सम्मको चौडाई हुन आवश्यक छ । ढोका बाहिरपट्टि खुल्ने बनाउनु राम्रो हुन्छ । बस्दा र उठ्दा सजिलो होस् भन्नका लागि प्यानको दुवैतिर भित्तामा ठोकेर बनाइएका समाउने बार हुनुपर्दछ । सन्तुलन नगुमाउने सुनिश्चित गर्न, टुक्रुक्क बस्न र उठ्न सजिलोका तेर्सो ( होरिजेन्टल) र लम्बवत /ठाडो (भर्टिकल) समाउने बार हुनु जरुरी हुन्छ । पानीको धारा भूइँको सतहबाट ४५० मी.मी. (१ फिट ६ इन्च) को उचाईमा राख्नुपर्दछ ।

ग) भूइँको सतहबाट माथि उठाएर बनाइएको शौचालय:

चन्द्र बहादुर परिवार
प्रमुख प्रशासकीय अधिकृत

यस प्रकारको शौचालयमा भूइँको सतहबाट माथि उठाएर बनाइएको भागमा प्यान राखिन्छ । उक्त भागलाई भूइँको सतहदेखि करिब ३५० मी. मी. माथि उठाइन्छ । सतहबाट माथि उठाइएको भागको दुवैतिर दुईवटा समाउने बार राख्नुपर्दछ । उक्त बारहरुको उचाई फरक- फरक हुनुपर्दछ । एउटा बारको उचाई सतहदेखि ७०० मी.मी. र अर्को (दोस्रो) बारको उचाई ९०० मी.मी. हुनु आवश्यक छ ।

**घ) शौचालय कुर्सी:**

बजारमा सजिलै उपलब्ध हुने र यताउती बोकेर लैजान सकिने यस्ता कुर्सी स्थानिय सामाग्री प्रयोग गरेर पनि निर्माण गर्न सकिन्छ । शौचालय कुर्सी टुक्रुक्क बस्न गाह्रो हुने गर्भवती महिला, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरुका लागि प्रभावकारी हुन्छ । शौचालय कुर्सीलाई प्यान वा खाल्डोमाथि राख्न सकिन्छ । शौच गर्दा छिटा बाहिर आउन नदिन शौचालय कुर्सीको अघिल्तिर केही वस्तु वा प्लाष्टिकले ढाक्न सकिन्छ ।

**१३) हातधुने बेसिन:**

शौचालयमा ढोकासँगैको भित्ता र हातधुने बेसिनबीचको दूरी कम्तीमा ४६० मी.मी.(१८१/२) हुनुपर्दछ । बेसिनको माथिल्लो किनारा भूइँको सतहदेखि अधिकतम ८०० मी.मी. (३२) देखि ८५० मी.मी. (३३ १/२") सम्मको उचाईमा हुनु आवश्यक छ ।

घुँडा र ह्विलचियरको अगाडिको भाग पसाउन बेसिनमुनि पर्याप्त खाली ठाउँको व्यवस्था हुनुपर्दछ । यसका लागि बेसिनमुनिको खाली भागको चौडाई कम्तीमा ७५० मी.मी.(३०"), भूइँको सतहदेखि बेसिनको तल्लो भागसम्मको उचाई ६८० मी.मी.(२७१ ४१), घुँडा राख्ने भित्री खाली ठाउँ २०० मी.मी.(८) हुनु आवश्यक छ ।

**१४) पहुँचयुक्त पानी पधेरा :**

अपाङ्गता भएका व्यक्तिहरुले अरुको सहाराबिना स्वतन्त्र रुपमा पहुँच प्राप्त गर्न सक्ने गरी ह्याते पम्प वा धारा बनाउनुपर्दछ । घर बाहिर होस् या भित्र, यहाँ सम्म पुग्न र सहज रुपमा आफ्नो काम गर्न र्‍याम्प र समाउने बारको व्यवस्था गर्नुपर्दछ साथै ह्विलचियर सजिलै घुम्ने ठाउँको पनि ब्यबस्था गर्नुपर्दछ ।

**१५) घर वरीपरिको वातावरणमा पहुँच :**

घर तथा भवन मात्रै हो त्यस वरीपरिको वातावरण पनि सुरक्षित र पहुँचयुक्त हुनुपर्दछ । एउटा प्रवेशबिन्दुबाट अर्को बिन्दुसम्को बाटो सबैले पहिल्याउन सक्ने, कतै खाली नराखी बनाइएको, अवरोधरहित, सतह टम्म मिलेको र उचित ढंगबाट मापन गरिएको हुनुपर्दछ ।

मार्गदर्शन :

- आफ्नो सामानको ख्याल गर्न लगाउने ।
- सहभागीहरुको सक्रिय सहभागिता गराउने ।

छडक बहादुर परिवार
प्रमुख प्रशासकीय अधिकृत

- आफूले तयार पारेको श्रव्य दृश्य सामग्रीमा कुनै त्रुटि नगर्ने ।
- सत्रमा सकेसम्म कम श्रव्यदृश्य राखे र बढी समय सहभागीहरुसँग छलफल गर्ने ।

**विशेष सावधानी :**

- सत्र समयको ख्याल गर्ने ।
- सहभागीहरुलाई विनम्रताका साथ नियन्त्रणमा राखे ।
- आफ्नो सत्रलाई सहभागी समूहको विशेष पहिचान गरी त्यही स्वरुपमा सत्रको उद्देश्य पुरा हुने तरिकाले प्रस्तुति दिने।
- अपाङ्गता भएका व्यक्तिहरु तथा सिकाईमा कठिनाई भएका व्यक्तिहरुले वुझे वा वुझेनन् एकिन गर्ने ।

बहादुर पोख्रेल
प्रमुख प्रशासकीय अधिकृत

# सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

## क) आधारभूत जानकारी

**सत्र २: स्ल्याव र ब्लक निर्माण**

**समयः** १ घण्टा

**सामग्री :** मल्टिमिडिया, पावर प्वाइन्ट, फ्लिप चार्ट स्ट्याण्डर पेपर, मास्किङ टेप, मार्कर (कालो, नीलो, रातो) तथा पाठ योजना ।

**सत्रको उद्देश्यः**

यो सत्रको अन्त्यमा सहभागीहरू

- स्ल्याव, ब्लक र ढलाने इँटा तयार गर्न सक्षम हुनेछन्।

**सत्र परिचयः**

स्ल्याव, विम, व्याण्ड, स्टिच जस्ता भवनका मुख्य भागहरु निर्माण गर्दा अधिकांश निर्माण कर्मीहरुलाई ती तत्वहरुमा राखिने डण्डी ढलान भित्र कहाँनेर राख्दा राखेको डण्डीले राम्रोसँग काम गर्दछ र राखेको ठाउँ नमिलेमा के हुन्छ भन्ने कुराको एकिन जवाफ थाहा छैन। स्ल्याब ढलानभित्र डण्डी स्ल्याबको माथि तर्फ नभएर तल्लो भाग नजिक कम्तिमा १५ मि.मि को कभर राखेर वनाउनुपर्छ। त्यस्तै व्याण्ड तथा विमहरुमा पनि निश्चित कभर छाडेर डण्डी राख्नुपर्छ। विममा न्यूनतम कभर २५ मि.मि हुनुपर्छ भने व्याण्डमा कम्तिमा १५ मि.मि हुनुपर्दछ। स्ल्याव ढलानमा कभरको महत्व देखाउनका लागि तल र माथि डण्डी पर्ने गरि केहि छुट्टाछुट्टै स्ल्याव निर्माणको अभ्यास गर्न लगाउने र तालिमको अन्तिम सत्रमा उक्त स्ल्यावहरु भारको सहायताले तल र माथि डण्डी पर्ने गरि वनाईएको स्ल्यावमा कुन चाहिंले धेरै भार वहन गर्न सक्छ देखाएर तुलना गर्न लगाउने। त्यस्तै ब्लक र ढलाने ईंटाहरु बैकल्पिक निर्माण सामग्रीको रुपमा प्रयोग गर्न सकिन्छ भन्ने बुझाउन, बनाउन र सिकाउन यो अभ्यास गराउने हो। यस्तो सत्र संचालन गर्दा अपाङ्गताको प्रकृति अनुसार सहभागी अपाङ्गता भएका व्यक्तिहरुले वुझ्ने गरी भाषा तथा शव्द चयन गर्नुपर्दछ।

**मार्गदर्शन :**

- आफ्नो सामानको ख्याल गर्न लगाउने ।
- सहभागीहरुको सक्रिय सहभागिता गराउने र काम गर्दा उनीहरुको सुरक्षामा ध्यान दिने ।
- आफूले तयार पारेको श्रव्य दृश्य सामग्रीमा कुनै त्रुटि नगर्ने ।
- सत्रमा सकेसम्म कम श्रव्यदृश्य राख्ने र बढी समय सहभागीहरुसँग छलफल गर्ने ।

**विशेष सावधानी :**



घटक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

- सत्र समयको ख्याल गर्ने ।
- सहभागीहरुलाई विनम्रताका साथ नियन्त्रणमा राख्ने ।
- आफ्नो सत्रलाई सहभागी समूहको विशेष पहिचान गरी त्यही स्वरुपमा सत्रको उद्देश्य पुरा हुने तरिकाले प्रस्तुति दिने।
- अपाङ्गता भएका व्यक्तिहरु तथा सिकाईमा कठिनाई भएका व्यक्तिहरुले वुझे वा वुझेनन् एकिन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

# सवैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

## क) आधारभूत जानकारी

**सत्र ३: भूकम्प सम्बन्धी आधारभूत जानकारी र पूर्वतयारी**

**समयः** १ घण्टा

**सामग्रीः** मल्टिमिडिया, पावर प्वाइन्ट, फ्लिप चार्ट स्टयाण्ड र पेपर, मास्किङ टेप, मार्कर (कालो, नीलो, रातो) तथा  पाठ योजना ।

**सत्रको उद्देश्यः**

यो सत्रको अन्त्यमा सहभागीहरूले

- भूकम्पको कारण तथा असर बताउन सक्नेछन्।
- नेपालको विद्यमान भूकम्पीय जोखिमको व्याख्या गर्न सक्नेछन्।
- भुकम्प र जोखिममा रहेको समुदायको (अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, गर्भवति, महिला, वालबालिका) वारेमा वताउन सक्नेछन
- घरभित्रका गैरसंरचनात्मक जोखिम न्यूनीकरण बारेमा बताउन सक्नेछन् ।
- भूकम्पीय पूर्वतयारीका मुख्य गतिविधि वताउन सक्नेछन्।

**सत्र परिचयः**

- हिमालय पर्वतमाला विश्वको सबभन्दा अग्ला हिमश्रृङ्खला र जलको प्रमुख श्रोत हो। यसको काखमा रहेको नेपाल भूकम्पीय जोखिमको हिसावले विश्वमा११औं स्थानमा पर्दछ भने काठमाण्डौं उपत्यकाको भूकम्पीय जोखिम संसारमै पहिलो श्रेणीमा पर्दछ। यसैको प्रमाण हो, नेपालका जनताले प्रायः (ऐतिहासिक काल देखि नै विनाशकारी भूकम्पहरूको सामना गरिरहेका छन्। तर पनि नेपाली जनमानसमा भूकम्पको वैज्ञानिक कारण बारे सही जानकारी छैन। यो सत्रमा भूकम्पको वैज्ञानिक कारण तथा असर लगायत नेपालको भूकम्पीय जोखिमको विषयमा छलफल गरिनेछ।
- भुकम्पको बेला जोखिम रहेको समुदाय अझवढी जोखिममा पर्दछन् र भुकम्पले थप अपाङ्गता वढाउन सक्छ भन्ने कुरा प्रष्ट संग वताउने ।
- भूकम्पवाट घर भत्केर मात्र मानवीय तथा भौतिक सम्पत्तिको क्षति हुने होईन। भूकम्पको जोडदार कम्पन हुँदा घर नभत्किए पनि घरभित्र हामीले आफ्नो सेवा सुविधाको लागि राखेका फर्निचर तथा उपकरणहरु भूकम्पको कम्पनसँगै हल्लिदा, ढल्दा वा खस्दा जनधनको क्षति हुने



धडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सम्भावना हुन्छ। त्यस्तै कुनै पनि समयमा जान सक्ने भूकम्पको लागि तयार रहन गर्न पर्ने उपायहरुको बारेमा यो सत्रमा छलफल गरिनेछ ।

- भूकम्प हुनुअघि, भूकम्पको समयमा र भूकम्प पछि गर्नुपर्ने र गर्नु नहुने कामहरुको विषय लगायत अन्य तयारीका कार्यहरु पनि यस सत्रमा छलफल गरिनेछ ।

**मार्गदर्शन :**

- आफूले तयार पारेको श्रव्य दृश्यं सामग्रीमा कुनै त्रुटि नगर्ने ।
- सत्रमा सकेसम्म कम श्रव्यदृश्य राख्ने र बढी समय सहभागीहरुसँग छलफल गर्ने ।

**विशेष सावधानी :**

- सत्र समयको ख्याल गर्ने ।
- सहभागीहरुलाई विनम्रताका साथ नियन्त्रणमा राख्ने ।
- आफ्नो सत्रलाई सहभागी समूहको विशेष पहिचान गरी त्यही स्वरुपमा सत्रको उद्देश्य पुरा हुने तरिकाले प्रस्तुति दिने।

धडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

## ख) भूकम्प प्रतिरोधी भवन निर्माण

**सत्र १: भवन संरचना प्रणाली, उपयुक्त घडेरी छनौट**

**समयः १ घण्टा**

**सामग्रीः** मल्टिमिडिया, प्वाइन्टर, पावरप्वाईन्ट

**सत्रको उदेश्यः**

- यो सत्रको अन्त्यमा सहभागीहरु निम्न कार्य गर्न सक्षम हुनेछन्:
- घरको संरचना प्रणाली बारे जान्नेछन्।
- घडेरी कस्तो हुनुपर्दछ भन्ने बारे जान्नेछन्।
- भवनको आकारप्रकार कस्तो हुनुपर्छ, झ्यालढोका आदि बारे सिक्नेछन्।
- घरको संरचना प्रणालीका अभ्यासको लागि तयार हुनेछन्।

**सत्र परिचयः**

भार वहन गर्ने हिसावले घरहरु २ किसिमका हुन्छन्, एउटा पिलरवाला घर र अर्को गारोवाला घर। घरको संरचना प्रणाली प्रष्ट नभएमा घरले कसरी भार जमिनमा प्रशारण गर्छ भन्ने थाहा हुदैन र डकमीहरुले नै नक्शा दिएर बन्ने घरहरु जोखिममा बन्न सक्दछन् । कम्तिमा भवनको संरचना प्रणाली थाहा भएमा कस्तो खालको निर्माण प्रणालीमा घरको कुन भाग भार वहन गर्ने संरचनाको रुपमा महत्वपूर्ण हुन्छ भन्ने थाहा हुन्छ र निर्माणको क्रममा ती संरचनामा विशेष ध्यान पुग्दछ। त्यस्तै घडेरीको कारण पनि घरको बलियोपन फरक पर्दछ। कमजोर जमिनमा बन्ने घरहरुमा विषेश सावधानीका उपाय अपनाउनु पर्दछ भने घडेरी उपुक्त भएमा थप सुरक्षाका उपायहरु आवश्यक नपर्न सक्दछ। त्यसैले संरचना प्रणाली र उपुक्त घडेरी बारेको छलफल गर्नु महत्वपूर्ण छ।

**मार्गदर्शनः**

- आफूले तयार पारेको श्रव्य दृश्य सामग्रीमा कुनै त्रुटि नगर्ने ।
- सत्रमा सकेसम्म कम श्रव्यदृश्य राखे र बढी समय सहभागीहरुसँग छलफल गर्ने ।

**विशेष सावधानीः**

- भाषा र शब्द चयन गर्दा सहभागीहरुले बुझ्ने गरी सकेसम्म सरल र स्थानीय शब्दको प्रयोग गर्ने
- सहभागीहरुसँग अन्तक्रिया गर्ने ।

धडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# सवैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

## ख) भूकम्प प्रतिरोधी भवन निर्माण

**सत्र २ निर्माण सामग्रीको गुणस्तर**

**समयः** १ घण्टा

**सामग्रीः** मल्टिमिडिया, प्वाइन्टर, पावरप्वाईन्ट

**सत्रको उद्देश्यः**

यो सत्रको अन्त्यमा सहभागीहरुले

- प्रयोगमा आइरहने निर्माण सामग्री र यसको गुणस्तरबारे वताउन सक्नेछन्।

**सत्र परिचयः**

भवन निर्माण गर्दा निर्माण सामग्रीको गुणस्तरले महत्वपुर्ण भूमिका खेल्दछ । भवनलाई भूकम्प प्रतिरोधी वनाउन सामग्रीको गुणस्तर राम्रो हुन जरुरी छ । त्यसैगरी भवन निर्माण गर्दा अपनाइने तरिकाले पनि गुणस्तरमा प्रभाव पार्दछ । निर्माण सामग्रीको गुणस्तर नहुँदा भवनहरु कमजोर हुन जान्छन् । यो सत्रमा निर्माण सामग्रीको बारेमा विस्तृत रुपमा छलफल गरिनेछ ।

**मार्गदर्शनः**

- आफूले तयार पारेको श्रव्य दृश्य सामग्रीमा कुनै त्रुटि नगर्ने ।
- सत्रमा सकेसम्म कम श्रव्यदृश्य राख्ने र बढी समय सहभागीहरुसँग छलफल गर्ने ।

**विशेष सावधानीः**

- सत्र समयको ख्याल गर्ने ।
- सहभागीहरुलाई विनम्रताका साथ नियन्त्रणमा राख्ने ।
- आफ्नो सत्रलाई सहभागी समूहको विशेष पहिचान गरी त्यही स्वरुपमा सत्रको उद्देश्य पुरा हुने तरिकाले प्रस्तुति दिने।



खड्क बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

## सवैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

### ख) भूकम्प प्रतिरोधी भवन निर्माण

**सत्र ३: निर्माण गुणस्तर**

**समयः १ घण्टा**

**सामग्रीः मल्टिमिडिया, पावर प्वाइन्ट**

**सत्रको उद्देश्य :**

यो सत्रको अन्त्यमा, सहभागीहरुले

- निर्माण गर्दा अपनाउनुपर्ने सावधानीबारे बताउन सक्नेछन्।

**सत्र परिचय :**

भवन निर्माण गर्दा निर्माण सामग्रीको गुणस्तरले महत्वपुर्ण भुमिका खेल्दछ । भवनलाई भूकम्प प्रतिरोधी बनाउन सामग्रीको गुणस्तर राम्रो हुन जरुरी छ । त्यसैगरी भवन निर्माण गर्दा अपनाइने तरिकाले पनि गुणस्तरमा प्रभाव पार्दछ । निर्माणको गुणस्तर नहुँदा भवनहरु कमजोर हुन गएको पाइन्छ । यो सत्रमा निर्माण गुणस्तरका बारेमा विस्तृत छलफल गरिनेछ ।

**मार्गदर्शन:**

- आफूले तयार पारेको श्रव्य दृश्य सामग्रीमा कुनै त्रुटि नगर्ने ।
- सत्रमा सकेसम्म कम श्रव्यदृश्य राख्ने र बढी समय सहभागीहरुसँग छलफल गर्ने ।

**विशेष सावधानी :**

- सत्र समयको ख्याल गर्ने ।
- सहभागीहरुलाई विनम्रताका साथ नियन्त्रणमा राख्ने ।
- आफ्नो सत्रमा सहभागी समूहको विशेष पहिचान गरी त्यही स्वरुपमा सत्रको उद्देश्य पुरा हुने तरिकाले प्रस्तुति दिने।

खड्क बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# सवैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

## ख) भूकम्प प्रतिरोधी भवन निर्माण

**सत्र ४:** ढुंगाको गारोवाला भवन निर्माण प्रविधि

**समयः** २ घण्टा

**सत्रको उद्देश्यः** यो सत्रको अन्त्यमा सहभागीहरुले

- घरहरुमा भूकम्पले के -कस्तो क्षति हुन्छ र यस्तो क्षति हुनाको कारणहरु बताउन सक्नेछन्
- भूकम्प थेग्ने घर वनाउने तरिकाको विस्तृत जानकारी प्राप्त गर्नेछन्।

**सत्र परिचयः**

जुन भवनको सम्पूर्ण भार गाह्रोहरु मार्फत जग हुँदै जमिनमा जान्छ, त्यस किसिमको भवनलाई गाह्रोवाला भवन भन्न सकिन्छ। जस्तै वक्स पलङ्ग, सन्दुखलाई यसको उदाहरणको रुपमा लिन सकिन्छ ।जसरी वक्स पलङ्गमा सुत्ने भाग (प्लाई) जुन घरको स्ल्यावं जस्तै हो, त्यसवाट पलङ्गको निदालमा भार जान्छ र पलङ्गको चारैवटा पाटोहरुवाट भूँईसम्म जान्छ। ढुंगा प्रयोग गरेर बनाउने घरलाई ढुंगाको गारोवाला घर भनिन्छ ।

**मार्गदर्शन :**

नेपालमा अधिकांश गारोवाला घरहरु ईँटा वा ढुंगा प्रयोग गरेर बनाउने गरिन्छ । ईँटा प्रयोग गरेर वनाईने गारो र ढुंगा प्रयोग गरेर बनाईने गारो एकै खालको देखिएपनि यी दुईमा केहि फरक छ । उदाहरणका लागि ढुंगा, ईटाजस्तो एकै साईजको नहुने भएकोले सल मिलाएर लगाउन ईँटाको गारो जस्तो हुँदैन । त्यसैले ईँटाको गारो लगाउने डकर्मीलाई ढुंगाको गारो लगाउन गाह्रो पर्दछ । ढुंगाको गारो लगाउने तरिका र भूकम्प प्रतिरोधी तत्व ठाडो तथा तेर्सो पेटीहरु लगाउने तरिका र भिरालो जमिनमा जग राख्ने तरिकामा जोड दिनुहोस्।

**विशेष सावधानी :**

ढुंगाको गारो लगाउने तरिका र ईँटाको गारो लगाउने तरिका एकै भएपनि सामग्रीको प्रयोग गर्ने तरिकाका कारण गारो निर्माण पद्दति फरक हुन्छ ।

खड्ग बहादुर धौंयार
प्रमुख प्रशासकीय अधिकृत

# सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

## ख) भूकम्प प्रतिरोधी-भवन निर्माण

**सत्र ५:** ढुंगाको गारोवाला भवन निर्माण प्रविधि अभ्यास

**समयः** ७ घण्टा

**सामग्रीः** मल्टिमिडिया, पावर प्वाइन्ट, फ्लिप चार्ट स्ट्याण्ड र पेपर, मास्किङ टेप, मार्कर (कालो, नीलो, रातो) तथा पाठयोजना ।

**सत्रको उद्देश्यः**

यो सत्रको अन्त्यमा सहभागीहरूले

- भूकम्प प्रतिरोधी गारोवाला भवन निर्माण गर्न आवश्यक तत्वहरु राख्ने सीप प्राप्त गर्नेछन्।

**सत्र परिचयः**

- यो सत्रको प्रमुख उद्देश्य डकर्मीहरुलाई भूकम्प प्रतिरोधी ढुंगाको गारोवाला घर वनाउने तरिका सिकाउने हो ।

**मार्गदर्शन :**

- आफ्नो सरसामानको ख्याल राख्न लगाउने ।
- सबै सहभागीहरुको सक्रिय सहभागिता गराउने ।

**विशेष सावधानी :**

- सत्र समयको ख्याल गर्ने ।
- सहभागीहरुलाई विनम्रताका साथ नियन्त्रणमा राख्ने ।
- आफ्नो सत्रलाई सहभागी समूहको विशेष पहिचान गरी त्यही स्वरुपमा सत्रको उद्देश्य पुरा हुने तरिकाले प्रस्तुति दिने।

खडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# सबैका लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

## ख) भूकम्प प्रतिरोधी भवन निर्माण

**सत्र ६:** काठ र बाँसको घर निर्माण प्रविधि

**समयः** २ घण्टा

**सामग्रीः** मल्टिमिडिया, मार्कर

**सत्रको उद्देश्य :**

यो सत्रको अन्तमा सहभागीहरुबीच निम्न विषयकोवोध हुनेछ :

- काठको घरहरुमा भूकम्पको कारण के कस्तो क्षति हुन्छ र यस्तो क्षति हुनाका कारणहरु बताउन सक्ने ।
- भूकम्प प्रतिरोधी काठको भवन निर्माण सम्बन्धी जानकारी प्राप्त गर्ने ।

**सत्र परिचय :**

जुन घर काठको प्रयोग गरी बनाइएको हुन्छ र भार काठको निदालबाट थाम हुँदै जगबाट जमिनमा जान्छ त्यस किसिमको घरलाई काठको घर भनिन्छ । यसरी काठको घरमा संरचनात्मक अङ्ग काठले बनाइएको हुन्छ ।

**मार्गदर्शन :**

- काठले बनेको घरलाई भूकम्पको जोखिम बाट सुरक्षित राख्ने ।

**विशेष सावधानी :**

- प्रशिक्षणको क्रममा प्रयोग गरिने भाषामा शुद्धता, पारदर्शिता र स्पष्टता रहनुपर्ने ।
- छलफलमा सहभागीले बुझे नबुझेको कुरा मनोवैज्ञानिक रुपमा अध्ययन गरिनुपर्ने ।

घडक बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner

लागि पहुँचयुक्त भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि सम्बन्धी डकर्मीहरुका लागि तालिम निर्देशिका

## ख) भूकम्प प्रतिरोधी भवन निर्माण

**सत्र ७ : काठ बाँसको निर्माण प्रविधि अभ्यास**

**समयः** ६ घण्टा

**सामग्रीः** मल्टिमिडिया, पावर प्वाइन्ट, फ्लिप चार्ट स्टयाण्ड र पेपर, मास्किङ टेप, मार्कर (कालो, नीलो, रातो) तथा पाठयोजना ।

**सत्रको उद्देश्यः**

यो सत्रको अन्त्यमा सहभागीहरूले

- भूकम्प प्रतिरोधी गारोवाला भवन निर्माण गर्न आवश्यक काठ बाँसको जोडाइको सीप प्राप्त गर्नेछन्।

